भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-२०७८/७९
च.नं.:- ९ ७१

मिति :- २०७८/०९/१३

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुमकोट, रुकुम (पूर्व)को प.सं. २०७८/७९, च.नं. २०५ र मिति २०७८/०९/१२ को प्राप्त पत्र साथ ***प्रस्ताव आह्वानको सूचना*** थान दुई (२) त्यहाँ वडा कार्यालको सुचना पाटीमा टाँस गरी वडाबासी *कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/कृषि उद्यमी/कम्पनी/उपभोक्ता समितिहरु*लाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ । साथै उक्त *प्रस्ताव आव्हानको सूचना* थान २ (दुई) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

.................................
(विशाल पुन मगर)
ना.प्रा.स. (कृषि सेवा केन्द्र)

लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम पूर्व

फोन नं.०८८-४१३१७१
ईमेलः ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्याः २०७८।०७९
चलानी नं.:

# प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८।०९।१२**

यस कार्यालयको आर्थिक वर्ष २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका पशुपन्छी तर्फका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" बमोजिमका शर्तहरु पालना गरी लागत साझेदारिमा कार्यक्रम कार्यान्वयन गर्न इच्छुक सहकारि संस्था/कृषक समुह/कृषि फर्म/ कृषि उद्यमी/ कम्पनी र उपभोक्ता समितिहरुलाई सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७८।०९।२६गते भित्र) यस कार्यालयमा तपशिलको विवरणसहित प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क.सं | कार्यक्रमको नाम | लक्ष्य परिमाण | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने कृयाकलाप | न्यूनतम मापदण्ड | अनुदानको सिमा | संलग्न गर्नुपर्ने आवश्यक कागजात |
|---|---|---|---|---|---|---|
| १ | स्वच्छ, स्वस्थ दुध व्यवस्थापनका लागि स्टेनलेस स्टिल मिल्क क्यान वितरण | संख्या २० वटा | स्टेनलेस स्टिल मिल्क क्यान खरिद (२० देखि ४० लिटर) | दैनिक कम्तिमा २० देखि ४० लिटर दुध उत्पादन हुनुपर्ने। | १. बढीमा ७५% अनुदान | कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को अनुसूची ३५ बमोजिमको कागजातहरु। |
| २ | प्राङ्गारिक उत्पादनका लागि भकारो सुधार वा गोठ सुधार कार्यक्रम | पटक १ | फ्लोर निर्माणको लागि आवश्यक सामाग्री तथा ज्याला, छानो, मुत्र संकलन ड्रम/ ट्यांकी, भकारो सुधार सम्बन्धी सूचना प्लेट। | कम्तिमा २ दुधालु पशुपालन गरेको कृषक हुनुपर्ने। | १. प्रति योजना बढीमा ७५% वा अधिकतम रु. एक लाख सम्म अनुदान। | |
| ३ | ग्रामिण कुखुरा पालन विस्तार कार्यक्रम | पटक २ | खोर निर्माण वा सुधार, पोषण आहारा व्यवस्थापन, खोप र उपचार, चल्ला खरिद, तालिम, परजिवि नियन्त्रण, दानापानीका भाँडा खरिद। | दलित महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाती र अन्य जस्ता विपन्न समुदायका कम्तिमा २५ जना कृषकहरुको समूह भएको हुनुपर्ने। | १. बढीमा ८५% अनुदान | |
| ४ | डेरी पसल सुधार कार्यक्रम | संख्या २ वटा | स्टेनलेस स्टिल मिल्क क्यान, मिल्क एनलाइजर, डिप फ्रिज, प्याकेजिङ मेसिन, क्रिम सेपेरेटर, चिलिङ भ्याट, आदि जस्ता आवश्यक औजार/ उपकरण खरिद गर्ने, डेरी पसलको सजावट, पानी र फोहोर व्यवस्थापन आदि, विक्रि कक्षको भुई नचिप्लिने पानी नजम्ने र नसोस्ने किसिमले ढलान गर्ने वा टायल/मार्वल लगाउने र सिलिङ्गको व्यवस्थापन गर्ने। | कम्तिमा दैनिक २०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने। | १. ५०% लागत साझेदारी वा प्रस्तावकको न्युनतम २५% र सम्वन्धित स्थानीय तहको बाँकी लागत साझेदारीमा समेत गर्न सकिने। | |

पिताम्बर बस्नेत
प्रमुख (अधिकृतस्तर आठौं)

लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
रुकुमकोट, रुकुम पूर्व

फोन नं.०८८-४१३१७१
ईमेलः ialdo.rukumeast@gmail.com
Website:ialdorukumeast.p5.gov.np

पत्र संख्याः २०७८।०७९
चलानी नं.:

तपसिलः

| क्र.सं | कार्यक्रमको नाम | लक्ष्य परिमाण | संचालन गर्न सकिने/अनुदान उपलब्ध गराउने कृयाकलाप | न्यूनतम मापदण्ड | अनुदानको सिमा | संलग्न गर्नुपर्ने आवश्यक कागजात | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| ५ | मासु पसल सुधार कार्यक्रम | संख्या २ वटा | अनुसूची ३० अनुसारको मापदण्ड तथा कृयाकलापहरु गर्ने। | ठूलो पशुको हकमा कम्तिमा दैनिक १०० किलो र साना पशु तथा पन्छीको हकमा कम्तिमा दैनिक ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनुपर्नेछ। | १.प्रति योजनाबढीमा ५०% अनुदान। | कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को अनुसूची ३५ बमोजिमको कागजातहरु। | जिल्ला भरी |
| ६ | डेरी पसल सुधार कार्यक्रम | संख्या २ वटा | स्टेनलेस स्टिल मिल्क क्यान, मिल्क एनलाइजर, डिप फ्रिज, प्याकेजिङ मेसिन, क्रिम सेपेरेटर, चिलिङ भ्याट, आदि जस्ता आवश्यक औजार/ उपकरण खरिद गर्ने, डेरी पसलको सजावट, पानी र फोहोर व्यवस्थापन आदि, विक्रि कक्षको भुई नचिप्लिने पानी नजम्ने र नसोस्ने किसिमले ढलान गर्ने वा टायल/मार्वल लगाउने र सिलिङ्गको व्यवस्थापन गर्ने। | कम्तिमा दैनिक २०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने। | १.५०% लागत साझेदारी वा प्रस्तावकको न्युनतम २५% र सम्वन्धित स्थानीय तहको बाँकी लागत साझेदारीमा समेत गर्न सकिने। | | |
| ७ | चिसोपानीमा माछापालन कार्यक्रम | संख्या २ | भौतिक संरचना निर्माण/ सुधार (कम्तिमा १०० वर्ग मिटरको क्षेत्रफलमा ४ वटा रेसवे निर्माण), चिसो पानीमा बृद्धि विकास हुने राम्रो माछाहरु (रेन्वो ट्राउट/असला/गर्दी सहर/कत्ले) उत्पादन गर्नुपर्ने। ह्याचरीको हकमा उपयुक्त आकारका कम्तिमा ३०० केजी पोथी माउ र ४५० गोटा भाले व्यवस्थापन गरी वार्षिक २ लाख मत्स्य बिज बिक्री वितरण गर्नु पर्ने। प्राविधिक जनशक्ती व्यवस्थापन मत्स्य विज खरिद तथा ढुवानी रसायन खरिद र औषधि उपचार। | निरन्तर बगिरहने चिसो ७-२०डिग्री सेन्टिग्रेड तापक्रम भएको पानीको स्रोत हुनुपर्ने(पानिको तापक्रम जाडो समयमा ७ डि.से. नघट्ने र प्रचण्ड गर्मीमा २० डि.से. ननाघ्ने) । वर्ष भरी नै ४ ईन्च नघट्ने गरी पानीको श्रोतको व्यवस्थापन भएको हुनु पर्ने र मूलको पानिलाई प्राथमिकतामा राखिनेछ. बाटोघाटो र बिजुलीको पहुँच भएको हुनुपर्ने। | (५०% लागत साझेदारी)कुल लागतको ८०% रकम भौतिक संरचना र बाँकी रकम आवश्यक विज्ञ सेवा क्षमता अभिवृद्धि व्यवस्थापन खर्च उत्पादन सामाग्रीमा खर्च गर्न सकिने। | | |
| ८ | स्थानीय जातको भेडाँ संरक्षण कार्यक्रम | पटक १ | खोर निर्माण सुधार, मेसिनरी औजार, आहारा/ चरन/ खर्क सुधार, नश्ल सुधार, औषधि तथा खोप, बजार, क्षमता अभिवृद्धि, बिमा, जैविक सुरक्षा, अभिलेख व्यवस्थापन अनुसूची ५ अनुसार हुनुपर्ने। | कार्यक्रमको सुरु वर्ष कम्तिमा ३०० भेडाँ हुनुपर्ने, कार्यक्रमको ३ वर्षको निरन्तरताको प्रतिवद्धता हुनुपर्ने। | १.कूल लागतको ७५% अनुदान। | | पुथा उत्तरगंगा गाउँपालिका मात्र |

**पुनश्चः** माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदनका नमुना फर्मेटहरु कार्यालयको वेवसाइट www.ialdorukumeast.p5.gov.np तथा कार्यविधिहरुको साथै अन्य ऐन नियमहरु कृषि, खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालयको वेवसाइट molmac.lumbini.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। थप जानकारीको लागी यस कार्यालयको सम्पर्क नं ०८८-४१३१७१मा सम्पर्क गर्न सकिने छ ।

पिताम्बर बस्नेत
प्रमुख (अधिकृतस्तर आठौं)